# <u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९</u>

निर्वाचन आयोगबाट स्वीकृत मिति:२०७९।०७।२६

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>अनुमति माग गर्नु पर्ने:</u>** (१) उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन प्रयोग गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उम्मेदवार बाहेक अन्य निकाय वा संस्थाले मतदानको दिन सवारी साधन प्रयोग गर्नको लागि सम्बन्धित निकाय वा संस्थाको आधिकारिक लेटर प्याडमा सवारी साधन नम्बर, सवारी साधनको किसिम र सवारी साधन प्रयोगकर्ताको नाम समेत उल्लेख गरी अनुसूची-२ बमोजिमको सिफारिस दिने अधिकारीको सिफारिस लिई सो अनुसूची बमोजिमको अनुमति-पत्र जारी गर्ने निकाय वा अधिकारीसमक्ष निवेदन दिनु वा पत्र पठाउनु पर्नेछ ।

३. **<u>अनुमतिपत्र दिने:</u>** (१) दफा २ को उपदफा (१) बमोजिम मतदानको दिन सवारी साधन प्रयोग गर्नको लागि निवेदन प्राप्त भएमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले अनुसूची-२ बमोजिमको सङ्ख्यामा नबढ्ने गरी अनुसूची-३ बमोजिमको ढाँचामा अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

(२) दफा २ को उपदफा (२) बमोजिम मतदानको दिन सवारी साधन प्रयोग गर्नको लागि निवेदन वा पत्र प्राप्त भएमा अनुसूची-२ मा उल्लिखित निकाय वा अधिकारीले सोही अनुसूचीमा तोकिएको सङ्ख्यामा नबढ्ने गरी आयोगबाट जारी गरिने सवारी अनुमतिपत्रको हकमा अनुसूची-४ बमोजिमको ढाँचामा र प्रमुख जिल्ला अधिकारीबाट जारी गरिने सवारी अनुमतिपत्रको हकमा अनुसूची-५ बमोजिमको ढाँचामा अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

(३) आयोग वा प्रमुख जिल्ला अधिकारीले अनुमतिपत्र जारी गर्दा कामको प्रकृति हेरी एकभन्दा बढी जिल्लाका लागि सवारी साधन प्रयोग गर्ने गरी अनुमतिपत्र जारी गर्न सक्नेछ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नम्बर प्लेट भएको सवारी साधन प्रयोग गर्न अनुमति दिइने छैन।

४. **आवश्यक व्यवस्था मिलाउने:** (१) मानवीय उद्धार, तथा सहायता एवम् आपतकालीन अवस्थामा प्रयोग गरिने सवारी साधनको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले त्यस्तो सवारी साधनको आवागमनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) को अतिरिक्त निर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा असर नपर्ने गरी आवश्यकता र औचित्य हेरी प्रत्येक जिल्लामा सवारी साधनको उचित व्यवस्थापन गर्न देहाय बमोजिमको जिल्लास्तरीय सवारी साधन व्यवस्थापन समिति रहनेछ:-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ग) नेपाल पत्रकार महासंघका जिल्ला सभापति -सदस्य

(घ) जिल्ला उद्योग वाणिज्य महासंघका अध्यक्ष -सदस्य

(ङ) निर्वाचन कार्यालयको प्रमुख -सदस्य

(च) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य-सचिव

५. **विमानस्थल आवतजावत गर्ने व्यवस्था मिलाउने:** (१) अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुहरूको हकमा पासपोर्ट, भिसा र हवाई टिकटका आधारमा बासस्थानदेखि विमानस्थलसम्म र विमानस्थलदेखि यात्रुको बासस्थानसम्मको आवागमनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्नु पर्नेछ।

(२) आन्तरिक हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुहरूको हकमा हवाई टिकटका आधारमा बासस्थानदेखि विमानस्थलसम्म र विमानस्थलदेखि यात्रुको बासस्थानसम्मको आवागमनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्नुपर्नेछ।

६. **आफै हिंडडुल गर्न नसक्ने व्यक्तिका लागि विशेष व्यवस्था:** (१) अपाङ्गता भई आफैं हिंडडुल गर्न नसक्ने व्यक्तिको लागि बासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवतजावत गर्न अवधी कायम रहेको पूर्ण अशक्त वा अति अशक्त अपाङ्गता परिचय पत्र (क र ख वर्ग) को आधारमा सवारी साधनको प्रयोग गर्न सकिनेछ ।

(२) अशक्तताको कारणले आफैं हिंडडुल गर्न नसक्ने व्यक्तिको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा निर्वाचन अधिकृतले अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

७. **सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्ने:** यस मापदण्ड बमोजिम जारी गरिएको अनुमतिपत्र बमोजिमको सवारी साधन सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्नेछ।

८. **अनुमतिपत्र लिनु नपर्ने:** (१) मतदानको दिन देहायको सवारी साधन प्रयोग गर्ने सवारी अनुमति-पत्र लिनुपर्ने छैनः-

(क) बिरामी बोकेको एम्बुलेन्स,

(ख) खानेपानीको ट्याङ्कर,

(ग) दुध बोक्ने सवारी साधन,

(घ) दमकल,

(ङ) सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय-पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन,

(च) दूरसञ्चार तथा केबल सेवाका लागि प्रयोग हुने सवारी साधन,

(छ) शव वाहन,

(ज) अस्पतालमा कार्यरत परिचय-पत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन,

(झ) निर्वाचन आयोगबाट जारी परिचय-पत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन,

(ञ) फोहोरमैला ओसारपसार गर्ने सवारी साधन,

(ट) तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन,

(ठ) कूटनीतिक नियोग, यू.एन. एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन,

(ड) विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन,

(ढ) सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन,

(ण) आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता सवारी साधन मतदाता ओसारपसार गर्ने कामको लागि प्रयोग गर्न पाइने छैन ।

९. **सवारी साधन आवागमन व्यवस्थापन तथा अनुगमन समिति:** मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी कार्यमा आवश्यक सहजीकरण गर्न, सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन तथा सोको अनुगमन गर्नका लागि आयोगमा देहाय बमोजिमको सवारी साधन आवागमन व्यवस्थापन तथा अनुगमन समिति रहनेछः-

(क) सहसचिव, प्रशासन महाशाखा, आयोग -संयोजक

(ख) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, आयोग -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), गृह मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तर), सूचना तथा प्रसारण विभाग -सदस्य

(ङ) शाखा अधिकृत, योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा -सदस्य-सचिव

१०. <u>**सवारी आवागमन अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरु**</u> : (१) यस मापदण्ड बमोजिम सवारी आवागमन अनुमति पत्र प्राप्त गर्ने व्यक्तिले देहायबमोजिमका शर्तहरुको पालना गर्नुपर्नेछ :

(क) सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्ने,

(ख) सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न नपाइने,

(ग) सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने,

(घ) सवारी साधनलाई मतदान केन्द्रभित्र प्रवेश अनुमति नहुने,

(२) उपदफा (१) विपरीत सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा त्यस्तो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

११. <u>**सवारी साधन कब्जामा लिने:**</u> मतदानको दिन कसैले यो मापदण्ड विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारबाही गर्नेछ र मतदानको काम सम्पन्न भएपछि मात्र फिर्ता दिनेछ।

## अनुसूची-१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन प्रयोग गर्ने सवारी साधन अनुमतिपत्रका लागि दिइने निवेदनको ढाँचा**

श्री मुख्य/निर्वाचन अधिकृतज्यू,
.......................

**विषयः मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।**

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा म ..................................... पदमा ............................ राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार/प्रतिनिधि भएकोले मतदानको दिन देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रका लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| सवारी साधनको किसिम | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम र सम्पर्क नम्बर | सवारी चालकको सवारी चालक अनुमति पत्र नं |
|---|---|---|---|---|
| | | | | |

**संलग्न कागजात**

उम्मेदवार/उम्मेदवारको निर्वाचन प्रतिनिधिको परिचयपत्रको प्रतिलिपि- थान -१

सवारी साधन प्रयोग गर्ने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ...................
निवेदन दिने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ................................
सवारी साधन प्रयोग गर्ने स्थानः .....................
दस्तखतः मितिः.........................

## अनुसूची-२

### (दफा २ को उपदफा (२), दफा ३ को उपदफा (१) र (२) सँग सम्बन्धित)

### सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि सिफारिस गर्ने तथा अनुमतिपत्र दिने अधिकारी र सवारीको सङ्ख्या

| क्र. सं. | सवारी साधन प्रयोगकर्ता | सिफारिस गर्ने निकाय | संख्या | अनुमतिपत्र जारी गर्ने निकाय वा अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | उम्मेदवार वा उम्मेदवारको एक जना निर्वाचन प्रतिनिधि | | १. उम्मेदवारका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा।<br>२.उम्मेदवारको एकजना निर्वाचन प्रतिनिधिका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा। | सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत | |
| २. | नेपाल नागरिक उड्डयन प्राधिकरण वा उडानसँग सम्बन्धित वायुसेवा कम्पनीहरु | नागरिक उड्डयन प्राधिकरण | आवश्यकता अनुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| ३. | कुटनीतिक नियोग वा संयुक्त राष्ट्र संघका एजेन्सी वा विकास साझेदार संस्थाका नियमित कार्यालय प्रयोजनमा प्रयोग गरिने निलो नम्बर प्लेट बाहेकका सवारी साधन | परराष्ट्र मन्त्रालय | | | |
| ४. | अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय (नियमित कार्यालय | अध्यागमन विभाग | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रयोजन) | | | | |
| ५. | अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय (नियमित कार्यालय प्रयोजन) | भन्सार विभाग | | | |
| ६. | निर्वाचन आयोग बाहेकका संवैधानिक निकायहरु | सम्वन्धित संवैधानिक निकाय | आवश्यकता अनुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| ७. | संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरू | सम्वन्धित संवैधानिक निकायका कार्यालय | आवश्यकता अनुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| ८. | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | आवश्यकता अनुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| ९. | निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी | आयोगको सम्बन्धित शाखा वा इकाइ | आवश्यकता अनुसार | प्रशासन शाखा, निर्वाचन आयोग | |
| १०. | साझेदार निकायहरु (UNDP/ESP, IFES) | | | | |

अनुसूची-३
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग, नेपाल
मुख्य निर्वाचन अधिकृतको कार्यालय/निर्वाचन अधिकृतको कार्यालय
निर्वाचन क्षेत्र नं....
... जिल्ला

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९
मंसिर ४ गते आइतबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ...........................................................................

२. सवारी साधनको किसिम र नम्बरः ....................................................................

३. सवारी प्रयोगकर्ता उम्मेदवार/निर्वाचन प्रतिनिधिः ...............................................

४. सवारी चलाउन अनुमति प्राप्त स्थानः .............................................................

५. सवारी चालकको नामः...........................................................................

६. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- .............................

पदः ..............................

कार्यालयको छापः

**नोटः**

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

अनुसूची-४

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

मंसिर ४ गते आइतबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ..........................................................................

२. सवारी साधनको किसिम र नम्बरः ....................................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः........................................................................

४. सवारीमा यात्रा गर्नेको संख्याः ..........................................................................

५. सवारी चलाउन अनुमति प्राप्त स्थानः ...............................................................

६. सवारी चालकको नामः.........................................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- ............................

पदः ..............................

कार्यालयको छापः

**नोटः**

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

अनुसूची-५

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

नेपाल सरकार

## गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय......

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

मंसिर ४ गते आइतबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ...........................................................

२. सवारी साधनको किसिम र नम्बरः ......................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः.........................................................

४. सवारीमा यात्रा गर्नेको संख्याः ...........................................................

५. सवारी चलाउन अनुमति प्राप्त स्थानः ...................................................

६. सवारी चालकको नामः.......................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- ............................

पदः ..............................

कार्यालयको छापः

**नोटः**

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

अनुसूची-६
(दफा ६ सँग सम्बन्धित)

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## मुख्य/निर्वाचन अधिकृतको कार्यालय

## ........................ जिल्ला

........................ .............

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९
मंसिर ४ गते आइतबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

**(अशक्तता भएको व्यक्तिका लागि)**

१. सवारी अनुमतिपत्रको नम्बरः ..............................................................

२. सवारी साधनको किसिम र नम्बरः .........................................................

३. सवारी प्रयोगकर्ता व्यक्ति (अशक्तता भएको व्यक्ति) को नाम: ..................................

४. अशक्तता भएको व्यक्तिको साथमा रहनेको नाम: ..............................................

५. सवारी चलाउन अनुमति प्राप्त स्थानः ..........................................................

६. सवारी चालकको नामः......................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- .............................

पदः

कार्यालयको छापः

**नोटः**

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- अनुमतिप्राप्त अशक्तता भएको व्यक्ति तथा निजको सहयोगको लागि रहने एक जना एकाघरको वा निजले इच्छाएको व्यक्तिलाई बासस्थानदेखि मतदानकेन्द्रसम्म पुऱ्याउन बाहेक अन्य मतदाता ओसारपसार गर्ने कार्यमा सवारी साधन प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरी कानूनी कारबाही गरिनेछ।